# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission**

केन्द्रिय कार्यालय, Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal

प.सं.

च. नं.


प्रेस विज्ञप्ति

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७० कात्तिक ५ गते

## संयमित र शान्तिपूर्ण ढङ्गमा चुनावी प्रक्रिया अघि बढाऊ

आसन्न संविधानसभा निर्वाचनको प्रचार-प्रचार र निर्वाचनसँग सरोकार राख्ने गतिविधिहरू अघि बढाउने क्रममा पाँचथर, सिरहा, धादिङ, सल्यान, रूकुम, सुर्खेतलगायतका जिल्लामा राजनीतिक दलहरूबीच झडप भएको समाचार आमसञ्चार माध्यममा आएका छन् । यस्ता घटनाहरूप्रति राष्ट्रिय मानव अधिकार आयोगको ध्यानाकर्षण भएको छ ।

'नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६' तथा नेपाल पक्षराष्ट्र भएको मानव अधिकारसम्बन्धी मूल सन्धिहरू, 'नेपालको अन्तरिम संविधान, २०६३' लगायतका दस्तावेजहरूले देशको राजनीतिक तथा सामाजिक प्रक्रियामा शान्तिपूर्वक र निर्भयपूर्ण वातावरणमा सहभागी हुन पाउने नागरिकको अधिकार सुनिश्चित गरेको पृष्ठभूमिमा यस्ता घटना घट्नु दुर्भाग्यपूर्ण हो ।

भयरहित वातावरणमा देशको राजनीतिक प्रक्रियामा नागरिकको सहभागितालाई सुनिश्चित गर्ने वातावरण तयार पार्न राजनीतिक दल, सरकारलगायत सबै सरोकारवालाहरूसँग आयोग आग्रह गर्दछ ।

वेदप्रसाद भट्टराई
कामु सचिव